नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग
(..............................................)

महानिर्देशक:- ५३४७०३७
प्रशासन:- ५३६२२२८ (निर्देशक)
भृकुटीमण्डप, काठमाडौं ।

पत्र संख्या:-
च.नं.:-

# पर्वतारोहण तथा पदयात्रामा जाने पर्यटक एवं अन्य व्यक्तिहरुको लागि जारी गरिएको मौसम सम्बन्धी सूचना !

सन् २०२६ को शरद ऋतु हिमाल आरोहण तथा पदयात्राका लागि अनुमती जारी भई पर्वतारोही, पदयात्री तथा सहयोगी कर्मचारीहरु गन्तव्यमा पुगिसकेको साथै पुग्ने क्रममा रहेको जानकारी प्राप्त भएको छ ।

नेपाल मौसम बुलेटिन बमोजिम आगामी असोज ९ गते शुक्रबार देखि असोज ११ गते आइतबारसम्म मुलुकभरका विभिन्न स्थानमा मेघ गर्जन / चटयाङ्ग / हावाहुरी सहित भारी वर्षा हुन सक्ने तथा सम्भावित वर्षाको कारण भू-क्षय, बाढी पहिरो जोखिमका साथै हिमाली भू-भागमा हिमपात हुन सक्ने पूर्वानुमान गरिएको छ । पूर्वानुमान बमोजिम मौसमी प्रणालीमा असर देखिएमा पदयात्रा तथा हिमाल आरोहणका क्षेत्रहरु समेत प्रभावित हुने सम्भावना रहेको हुँदा पर्वतारोही, पदयात्री तथा सम्बन्धित सबैले उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छ । उक्त अवधिमा सकेसम्म यात्रा नगर्न /नगराउन साथै यात्रा गर्नै पर्ने अवस्थामा सुरक्षित तवरले सावधानी पूर्वक यात्रा तय गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ । नेपाल सरकार तथा अन्य आधिकारिक निकायका अद्यावधिक मौसमी पूर्वानुमानलाई मध्यनजर गरी आफ्नो भावी योजना तय गर्नुहुन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुमा अनुरोध छ ।

पदयात्रा तथा हिमाल आरोहण अनुमती जारी भएका सामागाउँ (गोरखा), खुम्बु क्षेत्र, मनाङ लगायत अन्य क्षेत्रमा अवस्थित स्वास्थ्य संस्थाहरु साथै काठमाडौं र पोखरास्थित उच्च हिमाली स्वास्थ्य समस्या (Acute Mountain Sickness) को उपचार सेवा प्रदायक स्वास्थ्य संस्था/अस्पतालहरुमा अविच्छिन्न तथा सहज स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाइ सहजीकरण गरिदिनुहुन सम्बन्धित सबैलाई पर्यटन विभाग हार्दिक अपिल गर्दछ ।

मिति : २०८३/०६/०७
ने.सं. ११४६ यंलाथ्व १२ बुधबार

(सुरज घिमिरे)
निर्देशक / सूचना अधिकारी